# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, माघ १९ गते २०५७ साल (अतिरिक्ताङ्क ५५


## भाग ३

श्री ५ को सरकार
गृह मन्त्रालयको सूचना

### सशस्त्र प्रहरी नियमावली, २०५७

सशस्त्र प्रहरी अध्यादेश, २०५७ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "सशस्त्र प्रहरी नियमावली, २०५७" रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-
(क) "अध्यादेश" भन्नाले सशस्त्र प्रहरी अध्यादेश, २०५७ सम्झनु पर्छ ।
(ख) "प्रधान कार्यालय" भन्नाले सशस्त्र प्रहरी प्रधान कार्यालय सम्झनु पर्छ ।
(ग) "सशस्त्र प्रहरी जवान" भन्नाले सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार,सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान सम्झनु पर्दछ ।
(घ) "रिकुट" भन्नाले नयाँ नियुक्ति भई तालिमको अवधिमा रहेको सशस्त्र प्रहरी जवान सम्झनु पर्छ ।
(ङ) "बढुवा समिति" भन्नाले नियम ३४ बमोजिमको बढुवा समिति सम्झनु पर्छ ।
(च) "परिवार" भन्नाले सशस्त्र प्रहरीसँग वस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नि, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष सशस्त्र प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला सशस्त्र प्रहरीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

परिच्छेद - २

सशस्त्र प्रहरीको प्रशासन, श्रेणी, पद तथा कार्यालय

३. सशस्त्र प्रहरीको प्रशासन : सशस्त्र प्रहरी प्रशासनको जिम्मेवारी सशस्त्र प्रहरी महानिरीक्षक र श्री ५ को सरकारले तोकेको अन्य सशस्त्र प्रहरी अधिकृतको हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सशस्त्र प्रहरीको श्रेणी तथा पद : (१) सशस्त्र प्रहरी सेवामा देहाय बमोजिमका श्रेणी रहनेछन् :-

| राजपत्राङ्कित | राजपत्रअनङ्कित |
|---|---|
| विशिष्ट श्रेणी | प्रथम श्रेणी |
| प्रथम श्रेणी | द्वितीय श्रेणी |
| द्वितीय श्रेणी | तृतीय श्रेणी |
| तृतीय श्रेणी | चतुर्थ श्रेणी |

(२) उपनियम (१) बमोजिमका श्रेणीहरुमा देहाय बमोजिमका पदहरु रहन सक्नेछन् :-

राजपत्राङ्कित

| | | |
|---|---|---|
| विशिष्ट श्रेणी | - | सशस्त्र प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, |
| प्रथम श्रेणी | - | सशस्त्र प्रहरी नायव महानिरीक्षक र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक |
| द्वितीय श्रेणी | - | सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी नायव उपरीक्षक |
| तृतीय श्रेणी | - | सशस्त्र प्रहरी निरीक्षक |

राजपत्रअनङ्कित

| | | |
|---|---|---|
| प्रथम श्रेणी | - | सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक |
| | - | सशस्त्र प्रहरी नायव निरीक्षक |
| द्वितीय श्रेणी | - | सशस्त्र प्रहरी सहायक निरीक्षक |
| तृतीय श्रेणी | - | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार |
| | - | सशस्त्र प्रहरी हवल्दार |
| चतुर्थ श्रेणी | - | सशस्त्र प्रहरी जवान र रिक्रुट |

(३) सशस्त्र प्रहरी सेवाको विभिन्न श्रेणीमा विभिन्न प्राविधिक पदहरु र परिचर वा सो सरहका श्रेणी विहीन पदहरु समेत रहन सक्नेछन् ।

५. सशस्त्र प्रहरी कार्यालय : (१) नेपाल अधिराज्यमा सशस्त्र प्रहरी प्रधान कार्यालयको अतिरिक्त आवश्यकता अनुसार देहाय बमोजिमका अन्य सशस्त्र प्रहरी कार्यालयहरु रहन सक्नेछन् :-

(क) क्षेत्रीय सशस्त्र प्रहरी मुख्यालय,
(ख) सशस्त्र प्रहरी गण/गुल्म,
(ग) सशस्त्र प्रहरी प्राविधिक गण,
(घ) सशस्त्र प्रहरी विशेष कार्यदल,
(ङ) सशस्त्र प्रहरी तालिम केन्द्र,
(च) श्री ५ को सरकारले समय समयमा तोकेका अन्य सशस्त्र प्रहरी कार्यालय

(२) प्रधान कार्यालयमा सशस्त्र प्रहरी महानिरीक्षक र अन्य सशस्त्र प्रहरी कार्यालयमा श्री ५ को सरकारले तोकेको सशस्त्र प्रहरी अधिकृत कार्यालय प्रमुख हुनेछ ।

## परिच्छेद - ३
## सशस्त्र प्रहरीको पदपूर्ति

६. सशस्त्र प्रहरी सेवाको पदपूर्ति : (१) सशस्त्र प्रहरी सेवाको देहायको पद देहाय बमोजिम पूर्ति गरिने छ :-

| पद | खुल्ला प्रतियोगिताद्वारा | बढ्वा द्वारा |
|---|---|---|
| (क) सशस्त्र प्रहरी परिचर वा सो सरह | १०० % | X |
| (ख) सशस्त्र प्रहरी जवान | १०० % | X |
| (ग) सशस्त्र प्रहरी सहायक हवल्दार | X | १०० % |
| (घ) सशस्त्र प्रहरी हवल्दार | X | १०० % |
| (ङ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | X | १०० % |
| (च) सशस्त्र प्रहरी सहायक निरीक्षक | ५० % | ५० % |
| (छ) सशस्त्र प्रहरी नायव निरीक्षक | X | १०० % |
| (ज) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक | X | १०० % |
| (झ) सशस्त्र प्रहरी निरीक्षक | ५० % | ५० % |
| (ञ) सशस्त्र प्रहरी निरीक्षक भन्दा माथिका सम्पूर्ण पदहरु | X | १०० % |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १००२

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीको प्राविधिक तर्फको पद श्री ५ को सरकारले निर्धारण गरे बमोजिम खुल्ला प्रतियोगिता वा बढुवाद्वारा पूर्ति गरिनेछ ।

७. <u>पदपूर्तिमा बन्देज</u> : सशस्त्र प्रहरी सेवाका कुनै पनि पदमा यस नियमावलीमा व्यवस्था भए देखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

(२) प्रधान कार्यालय र उपत्यका भित्र रहेका कार्यालयमा कार्यरत सशस्त्र प्रहरीको हकमा प्रहरी किताबखाना र अन्य कार्यालयका सशस्त्र प्रहरीको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब भत्ता खुवाउनु हुँदैन ।

८. <u>सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति</u> : सशस्त्र प्रहरी सेवाको देहायको पदमा देहायको अधिकारीले नियुक्ति गर्नेछ :-

(क) राजपत्राङ्कित पदमा श्री ५ को सरकार,

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक, सशस्त्र प्रहरी नायव निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा सशस्त्र प्रहरी महानिरीक्षक वा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायव महानिरीक्षक

(ग) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान पदमा प्रधान कार्यालय वा क्षेत्रीय सशस्त्र प्रहरी मुख्यालयका सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत र

(घ) सशस्त्र प्रहरी परिचर वा सो सरहको पदमा सशस्त्र प्रहरी नायव उपरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत ।

९. <u>सशस्त्र प्रहरी सेवामा नियुक्ति हुनको लागि आवश्यक योग्यता</u> : (१) सशस्त्र प्रहरी सेवामा खुल्ला प्रतियोगितद्वारा पूर्ति हुने देहायका पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) सशस्त्र प्रहरी निरीक्षकको लागि,-

(१) विज्ञापन भएको सालको वैशाख एक गते एक्काईस वर्ष उमेर पूरा भई चौबीस वर्ष ननाघेको,
(२) स्वीकृत विश्व विद्यालयबाट स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको,
(३) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,
(४) घटीमा पाँच फीट दुई इन्च उचाई भएको,
(५) छाति नफुलाउँदा एकतीस इन्च र फुलाउँदा तेत्तीस ईन्च भएको,
(६) आँखा माईनस दुई वा प्लस दुई भन्दा बढी कमजोर नभएको,
(७) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,
(८) आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुईजना प्रतिष्ठित व्यक्तिबाट राम्रो चरित्रको सिफारिस पाएको,
(९) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,
(१०) राजनीतिमा नलागेको,
(११) कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको,
(१२) भविष्यमा सामान्यत सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षकको लागि-

(१) विज्ञापन भएको सालको वैशाख एक गते अठार वर्ष उमेर पूरा भई बाईस वर्ष ननाघेको,
(२) स्वीकृत विश्व विद्यालयबाट प्रमाणपत्र वा सो सरहको उपाधि प्राप्त गरेको,
(३) खण्ड (क) मा तोकिए बमोजिमका अन्य योग्यता पूरा भएको ।

(ग) सशस्त्र प्रहरी जवान तथा सशस्त्र प्रहरी परिचर वा सो सरहको लागि,-

(१) सशस्त्र प्रहरी जवानको लागि विज्ञापन भएको सालको वैशाख एक गते अठार वर्ष उमेर पूरा भई एक्काईस वर्ष ननाघेको र सशस्त्र प्रहरी परिचर वा सो सरहको लागि विज्ञापन भएको सालको वैशाख एक गते सोह्र वर्ष उमेर पूरा भई पच्चीस वर्ष ननाघेको,
(२) साधारण नेपाली लेखपढ गर्न जानेको,
(३) छाति नफुलाउँदा तीस इन्च र फुलाउँदा बत्तीस ईन्च भएको,
(४) खण्ड (क) मा तोकिए बमोजिमका अन्य योग्यता पूरा भएको ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी सेवामा बहाल भईरहेका व्यक्तिले तीस वर्ष उमेर पूरा नभएसम्म सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि उम्मेदवार हुन सक्नेछन् ।

(३) सशस्त्र प्रहरी सेवाको प्राविधिक पदको शैक्षिक योग्यता र अन्य योग्यता आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ४
## सशस्त्र प्रहरी सेवा आयोगको काम, कर्तव्य र अधिकार

१०. आयोगबाट लिईने परीक्षाको तरिका : सशस्त्र प्रहरी सेवामा रिक्त रहेको पद पूर्ति गर्नको लागि आयोगबाट लिईने परीक्षा देहायको कुनै एक वा एक भन्दा बढी तरिकाद्वारा हुन सक्नेछ :-

(क) खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा,
(ख) खुल्ला प्रतियोगितात्मक प्रयोगात्मक परीक्षा,
(ग) छनौट,
(घ) अन्तरवार्ता, र
(ङ) आयोगले तोकेको अन्य तरिका ।

११. उम्मेदवारको शैक्षिक योग्यता, परीक्षाको पाठ्यक्रम आदिबारेको व्यवस्था : नियम १० अन्तरगतको उम्मेदवारको शैक्षिक योग्यता, परीक्षाको पाठ्यक्रम, अङ्क विभाजन, परीक्षा प्रणाली र मूल्याङ्कन विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. प्रतियोगिताको लागि विज्ञापन गर्नु पर्ने : (१) सशस्त्र प्रहरी सेवामा रिक्त रहेको पद पूर्ति गर्नको लागि आयोगले आवश्यक विवरण खुलाई नेपाल अधिराज्यको विभिन्न भागमा प्रचारप्रसार हुन सक्ने गरी पत्र पत्रिका वा सञ्चारका अन्य माध्यमबाट प्रतियोगिताको लागि विज्ञापन गर्ने, गराउनेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशन गरिने विज्ञापनमा देहाय बमोजिमका कुराहरु खुल्लाउनु पर्नेछ :-

(क) परीक्षाको तरिका र
(ख) कम्तीमा एक महिनाको दरखास्त दिने अवधि ।

(३) उपनियम (१) बमोजिमको विज्ञापनमा भाग लिन चाहने उम्मेदवारले आयोगले तोके बमोजिमको दरखास्त फाराम भरी आयोगले तोके बमोजिमको परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पर्न आएका दरखास्तहरु उपर आयोगले छानबिन गरी रीत पुगेको देखिएमा सम्बन्धित उम्मेदवारलाई प्रवेशपत्र दिनेछ ।

तर आयोगद्वारा तोकिएको म्याद भित्र दाखिला नभएको वा विज्ञापनमा उल्लिखित अन्य विवरणहरु नखुलेको वा परीक्षा दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारवाई गरिनेछैन ।

(५) यस नियमावली बमोजिमका प्रतियोगितात्मक परीक्षाहरु आयोगले तोकेको केन्द्रमा सञ्चालन हुनेछन् ।

(६) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापन सामान्यतया रद्द गरिनेछैन । तर कुनै अप्रत्यासित कठिनाई आईपरेमा प्रकाशित विज्ञापन आयोगले रद्द गर्न वा स्थगित गर्न सक्नेछ । यसरी विज्ञापन रद्द भएमा वा कुनै उम्मेदवारको दरखास्त अस्वीकृत भएमा बाहेक अन्य अवस्थामा उम्मेदवारले आयोगमा बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछैन ।

१३. परीक्षा वा विज्ञापन रद्द गर्न सक्ने : आयोगको कुनै पनि परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी वा अनियमितता भएमा वा कुनै बाधा अवरोध खडा भई एक वा सबै केन्द्रमा आंशिक वा पूर्ण रुपले परीक्षा सञ्चालन हुन नसकेमा सो दिनको परीक्षा वा सो सँग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा आंशिक वा पूर्ण रुपले आयोगले कारण जनाई रद्द गर्न सक्नेछ

१४. परीक्षाको स्तर : आयोगबाट लिईने परीक्षाको स्तर र प्रत्येक पत्रको उत्तीर्णाङ्क प्रतिशत आयोगले तोके बमोजिम हुनेछ ।

१५. प्रयोगात्मक परीक्षा : प्रयोगात्मक परीक्षा लिंदा आयोगले सम्बन्धित उम्मेदवारहरुलाई त्यस्तो परीक्षाको निमित्त साधन उपलब्ध भएको अन्य कुनै कार्यालय वा संस्थामा पठाउन सक्नेछ । त्यसरी प्रयोगात्मक परीक्षा लिंदा आयोगले सम्बन्धित विषयको दक्षको समेत सहयोग लिन सक्नेछ । प्रयोगात्मक परीक्षाको स्तर र उत्तीर्णाङ्क प्रतिशत आयोगले तोके बमोजिम हुनेछ ।

१६. छनौट : पूर्ति गर्नु पर्ने पदको संख्या अनुसार लिखित परीक्षा वा प्रयोगात्मक परीक्षाको लागि पर्याप्त उम्मेदवार उपलब्ध हुन नआएमा वा अन्य कुनै कारणले गर्दा त्यस्तो परीक्षा लिई रहन सम्भव नभएमा वा कुनै खास पदको लागि त्यस्तो परीक्षा लिन आवश्यक नदेखिएमा आयोगले अवस्था अनुसार अन्य प्रकृयाद्वारा उम्मेदवार छनौट गर्न सक्नेछ ।

१७. सफल उम्मेदवारको सूची प्रकाशन : लिखित वा प्रयोगात्मक परीक्षामा उत्तीर्ण भई बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्ये वा छनौटबाट बढी योग्य देखिएका उम्मेदवारहरु मध्येबाट रिक्त पदको अनुपातमा आयोगले तोकेको संख्यामा उम्मेदवारको नामको सूची सम्बन्धित उम्मेदवारहरुको जानकारीको लागि प्रकाशन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. **अन्तरवार्ता समितिको गठन** : नियम १७ बमोजिमको सूचीमा नाम समावेश भएका उम्मेदवारहरुलाई अन्तरवार्ता लिन र नियम १० को खण्ड (घ) बमोजिम उम्मेदवारहरुको अन्तरवार्ता लिनको निमित्त आयोगले समय समयमा अन्तरवार्ता समिति गठन गर्नेछ र त्यस्तो समितिको अध्यक्षता आयोगले तोकेको व्यक्तिले गर्नेछ।

(२) उपनियम (१) बमोजिमको अन्तरवार्ता समितिको कार्यविधि आयोगले तोके बमोजिम हुनेछ।

१९. **दक्ष वा विशेषज्ञको मनोनयन** : आयोगले यस नियम अन्तरगत आफूले गर्नु पर्ने कामको लागि आवश्यक दक्ष वा विशेषज्ञ मनोनयन गर्न सक्नेछ।

२०. **पारिश्रमिक सम्बन्धी व्यवस्था** : आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित दक्ष, परीक्षक, अन्तरवार्ता समितिको सदस्य वा अन्य व्यक्तिलाई आयोगले तोके बमोजिमको पारिश्रमिक दिइनेछ।

२१. **योग्यताक्रमको सूची तयार गर्ने** : नियम १० बमोजिम आयोगबाट लिएको परीक्षामा सम्मिलित उम्मेदवारले प्राप्त गरेको अङ्क र खुल्ला प्रतियोगिताको हकमा विज्ञापनमा तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत श्रेणी बमोजिम आयोगले तोकेको अङ्क समेत जोडी योग्यताक्रम सूची तयार गर्नुपर्ने छ।

२२. **चालचलन बुझ्ने** : सशस्त्र प्रहरी सेवामा नयाँ नियुक्ति हुने उम्मेदवार नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाए नपाएको वा ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य रहे नरहेको वा कुनै राजनीतिक दलको सदस्य रहे नरहेको सम्बन्धमा बुझी सो नभएको देखिएमा मात्र निजलाई सशस्त्र प्रहरी सेवामा नियुक्ति गरिनेछ।

२३. **योग्यताक्रम अनुसार सिफारिस गर्ने** : (१) पदपूर्तिको लागि माग भई आए बमोजिम आयोगले नियुक्तिको लागि उम्मेदवारहरुको नाम सिफारिस गर्दा नियम २१ बमोजिमको सूचीबाट योग्यताक्रमानुसार सिफारिस गर्नेछ र नियुक्तिको अधिकारीले पनि आयोगको सिफारिसको आधारमा योग्यताक्रमानुसार सिफारिस प्राप्त भएको मितिले राजपत्राङ्कित अधिकृतको हकमा एक महिना भित्र र राजपत्र अनङ्कित हकमा पन्ध्र दिन भित्र नियुक्ति गरी नियुक्ति गरेको जानकारी यथाशक्य छिटो साधनद्वारा सम्बन्धित उम्मेदवार र आयोगलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्दा कूल रिक्त पदको आयोगले तोकेको प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको नाम प्रकाशन गरिनेछ।

(३) उपनियम (२) बमोजिम वैकल्पिक सूचीमा नाम भएका उम्मेदवारहरुलाई देहायको अवस्थामा मात्र योग्यताक्रम अनुसार नियुक्ति दिइनेछ:-

(क) सिफारिस गरिएको उम्मेदवारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले तीस दिन भित्र नियुक्ति पत्र नलिएमा,

(ख) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा निजको माथिल्लो पदमा नियुक्ति भई परीक्षणकाल भित्रै निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा

(ग) खण्ड (ख) को अवस्था परी रिक्त भएको पद पूर्ति गर्नु परेमा नियुक्तिको अधिकारीले कुन अवस्था परी पद रिक्त भएको हो सो खुलाई वैकल्पिक सूचीबाट उम्मेदवारको नियुक्ति गरी सो कुराको जानकारी आयोगलाई दिनु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सिफारिस गरेको मितिले एकवर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछैन।

२४. **पुनरावलोकन गर्न सक्ने** : आयोगले नयाँ नियुक्तिको लागि सिफारिस पठाएकोमा सो बमोजिम नियुक्तिपत्र दिनु अगावै कुनै उम्मेदवारको सिफारिस उम्मेदवारले प्रस्तुत गरेको गलत विवरणको कारणबाट फिर्ता लिनु परेमा आयोगले कारण जनाई सिफारिस रद्द गरी योग्यताक्रमको सिफारिसको अर्को सूचना प्रकाशन गर्न सक्नेछ।

२५. **गोप्य रहने** : आयोगले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरु गोप्य रहनेछन्।

२६. **शपथ ग्रहण गर्ने** : पहिलो पटक नियुक्ति भएका प्रत्येक सशस्त्र प्रहरीले अनुसूची-१ मा तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

२७. **वैयक्तिक विवरण फाराम** : (१) पहिलो पटक नियुक्ति भएका प्रत्येक सशस्त्र प्रहरीले अनुसूची-२ मा तोकिए बमोजिमको ढाँचामा तीन प्रति वैयक्तिक विवरण फाराम भर्नु पर्नेछ।

(२) देहायका सशस्त्र प्रहरीको वैयक्तिक विवरणको अभिलेख देहाय बमोजिमको कार्यालयले राख्नेछ :-

(क) सबै तहका सशस्त्र प्रहरीको प्रहरी किताबखानामा,

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षकदेखि सशस्त्र प्रहरी महानिरीक्षकसम्मको गृह मन्त्रालय र प्रधान कार्यालयमा,

(ग) सम्बन्धित क्षेत्रका सबै तहका सशस्त्र प्रहरीको सम्बन्धित क्षेत्रीय मुख्यालयमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (ख) मा उल्लेख भएको सशस्त्र प्रहरी बाहेक अन्य सशस्त्र प्रहरीको सम्बन्धित क्षेत्रीय मुख्यालय र प्रधान कार्यालयमा ।

(३) सशस्त्र प्रहरीको सरुवा, बढुवा विभागीय कारवाई लगायतका सबै विवरणहरु वैयक्तिक विवरणमा जनाई अद्यावधिक गरी राख्नु पर्ने दायित्व उपनियम (२) बमोजिम अभिलेख राख्ने कार्यालयको हुनेछ ।

२८ **परीक्षण काल** : सशस्त्र प्रहरी सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा तालिम समाप्त भएको मितिले एक वर्षका लागि परीक्षणकालमा राखिनेछ । परीक्षणकालमा निजको काम र चालचलन सन्तोषजनक नभएमा वा यस नियमावलीमा तोकिएको सशस्त्र प्रहरी अधिकृत आधारभूत, सशस्त्र प्रहरी प्राविधिक वा रिक्रुट तालिममा सफल नभएमा निजको नियुक्ति बदर हुनेछ । यसरी नियुक्ति बदर नगरिएका सशस्त्र प्रहरीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर हुनेछ ।

२९ **ज्येष्ठता कायम गर्ने** : नियम २८ बमोजिम परीक्षणकाल समाप्त भई नियुक्ति सदर भएका सशस्त्र प्रहरी निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षकको ज्येष्ठता क्रम कायम गर्दा निजहरुले सशस्त्र प्रहरी अधिकृत आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ ।

३०. **वार्षिक प्रतिवेदन** : आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकार, गृह मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ५
## सरुवा, काज तथा बढुवा

३१. **सरुवा गर्ने तथा काज खटाउने अधिकार** : (१) सशस्त्र प्रहरीलाई सरुवा गर्ने तथा काज खटाउने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) सशस्त्र प्रहरी नायव उपरीक्षक र सो भन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृतलाई श्री ५ को सरकार,

(ख) सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षकलाई सशस्त्र प्रहरी महानिरीक्षक,

(ग) आफ्नो क्षेत्र भित्रका सशस्त्र प्रहरी सहायक निरीक्षकलाई सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको अधिकृत,

(घ) आफ्नो क्षेत्र भित्रका सशस्त्र प्रहरी वरिष्ठ हवल्दार र सो भन्दा मुनीका सशस्त्र प्रहरीलाई सशस्त्र प्रहरी नायव उपरीक्षक र सो भन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत,

(२) सामान्यतया पदस्थापन गरेको मितिले एक वर्ष नपुगी सरुवा गरिनेछैन र कुनै पनि सशस्त्र प्रहरीलाई संवेदनशील स्थानमा अठार महिना भन्दा बढी र अन्य स्थानमा दुईवर्ष भन्दा बढी पदस्थापन गरिनेछैन ।

(३) उपनियम (१) बमोजिम सरुवा गर्दा विभिन्न वर्गीकृत क्षेत्रमा आलोपालो गरी सरुवा गरिनेछ ।

३२. **कायम मुकायम, कार्यवाहक तथा निमित्त सम्बन्धी व्यवस्था** : (१) सशस्त्र प्रहरी सेवाको कुनै पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक काम गर्न वाधा पर्न गएमा सो पदमा कायम मुकायम मुकरर गरी काम लगाउन सकिनेछ ।

(२) यस नियम बमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनीको सशस्त्र प्रहरीहरु मध्ये बढुवाको लागि सबै भन्दा बढी अङ्क प्राप्त गर्ने सशस्त्र प्रहरीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

(३) कुनै सशस्त्र प्रहरी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(४) सशस्त्र प्रहरीका देहायका पदमा देहायको अधिकारीले कायम मुकायम मुकरर गर्नेछ :-

(क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृत पदमा श्री ५ को सरकार,

(ख) राजपत्रअनङ्कित तहको सशस्त्र प्रहरी पदमा सशस्त्र प्रहरी महानिरीक्षक ।

(५) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिना भन्दा बढी अवधिको लागि रिक्त भएमा र सो पदमा कायम मुकायम नतोकिएको अवस्थामा एकतह माथिको कार्यालय प्रमुखले सो पदको कार्यवाहक भई काम काज गर्न सो रिक्त पद भन्दा एक तह मुनिको कुनै सशस्त्र प्रहरीलाई तोक्न सक्नेछ । त्यसरी कार्यवाहक तोक्दा त्यसको सूचना सशस्त्र प्रहरी प्रधान कार्यालयमा दिनु पर्नेछ । तर साधारणतया राजपत्रअनङ्कित तहका सशस्त्र प्रहरीको पदमा कार्यवाहक तोकिनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१००६

(६) उपनियम (५) बमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबैभन्दा वरिष्ठ सशस्त्र प्रहरीलाई कार्यवाहक तोक्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको सशस्त्र प्रहरीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(८) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एकमहिना ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबैभन्दा वरिष्ठ सशस्त्र प्रहरीले सो पदको निमित्त भई काम गर्नेछ ।

(९) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने सशस्त्र प्रहरीले जुन पदमा रही कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गरेको छ सोही पदको तलब भत्ता र रासन पाउनेछ । तर पन्ध्रदिन सम्म कार्यवाहक वा निमित्त भई काम गरे बापत कुनै किसिमको तलब भत्ता र रासन दिइने छैन र पन्ध्र दिन भन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा सो कार्यवाहक वा निमित्त भै काम गरेको पूरै अवधिको तलब, भत्ता र रासन दिइनेछ।

(१०) कायम मुकायम, कार्यवाहक वा निमित्त भै काम गर्ने सशस्त्र प्रहरीले पाउने तलब भत्ताको अङ्क निजले सो पदमा बढुवा पाएमा पाउने तलब भत्ताको अङ्क भन्दा बढी हुनेछैन ।

(११) उपनियम (९) बमोजिमको तलब, भत्ता र रासन कायम मुकायम, कार्यवाहक वा निमित्त भै काम गरेको कार्यालयबाट दिइनेछ।

३३. बढुवा गर्ने अधिकारी : (१) सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु मध्येबाट र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा सशस्त्र प्रहरी नायव महानिरीक्षकहरु मध्येबाट कार्यसम्पादन गर्न सक्ने खुवी, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको सशस्त्र प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा श्री ५ को सरकारले उपयुक्त देखेको उम्मेदवारलाई सशस्त्र प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

(२) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा सशस्त्र प्रहरी नायव महानिरीक्षकहरु मध्येबाट कार्यसम्पादन गर्न सक्ने खुवी, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको सशस्त्र प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा श्री ५ को सरकारले उपयुक्त देखेको उम्मेदवारलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेछ ।

(३) सशस्त्र प्रहरी महानिरीक्षक तथा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बाहेक सशस्त्र प्रहरी सेवाको अन्य पदहरुमा बढुवा गर्ने अधिकार बढुवा समितिको सिफारिसमा देहायको अधिकारीलाई हुनेछ :-

(क) सशस्त्र प्रहरी नायव महानिरीक्षक र सो भन्दा मुनीको राजपत्राङ्कित अधिकृत तहको पदमा श्री ५ को सरकार,

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक तथा सशस्त्र प्रहरी नायव निरीक्षक पदमा सशस्त्र प्रहरी महानिरीक्षक,

(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा सशस्त्र प्रहरी महानिरीक्षक वा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायव महानिरीक्षक,

(घ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार तथा सशस्त्र प्रहरी सहायक हवल्दार पदमा सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा माथिल्लो दर्जाको सशस्त्र प्रहरी अधिकृत ।

३४. बढुवा समिति : देहाय बमोजिमको पदमा गरिने बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको सदस्यहरु रहेको बढुवा समिति रहनेछ :-

(क) सशस्त्र प्रहरी नायव महानिरीक्षक पदको लागि,-

| | | |
|---|---|---|
| (१) सचिव, गृह मन्त्रालय, | - | अध्यक्ष |
| (२) सशस्त्र प्रहरी महानिरीक्षक | - | सदस्य |
| (३) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वा सशस्त्र प्रहरी नायव महानिरीक्षक | - | सदस्य-सचिव |

(ख) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी नायव उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षक पदको लागि,-

| | | |
|---|---|---|
| (१) सशस्त्र प्रहरी महानिरीक्षक | - | अध्यक्ष |
| (२) सहसचिव, गृह मन्त्रालय | - | सदस्य |
| (३) सशस्त्र प्रहरी नायव महानिरीक्षक | - | सदस्य-सचिव |

(ग) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षक पदको लागि,-

| | | |
|---|---|---|
| (१) सशस्त्र प्रहरी नायव महानिरीक्षक | - | अध्यक्ष |
| (२) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | - | सदस्य |
| (३) सशस्त्र प्रहरी उपरीक्षक | - | सदस्य-सचिव |

(घ) सशस्त्र प्रहरी सहायक निरीक्षकको पदको लागि,-

| | | |
|---|---|---|
| (१) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | - | अध्यक्ष |
| (२) सशस्त्र प्रहरी उपरीक्षक | - | सदस्य |
| (३) सशस्त्र प्रहरी नायव उपरीक्षक | - | सदस्य-सचिव |

(ङ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार पदको लागि,-

| | | |
|---|---|---|
| (१) सशस्त्र प्रहरी नायव उपरीक्षक | - | अध्यक्ष |
| (२) सशस्त्र प्रहरी निरीक्षक | - | सदस्य |
| (३) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक | - | सदस्य-सचिव |

३५. <u>बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवा अवधि</u> : (१) बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तहको पद भन्दा एक तह मुनिको श्रेणी वा तहको पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ :-

(क) राजपत्राङ्कित अधिकृत पदको श्रेणी वा तहको पदको लागि चार वर्ष, र

(ख) राजपत्र अनङ्कित श्रेणी वा तहका पदको लागि तीन वर्ष।

तर, असाधारण वा साहसिक वा वीरतापूर्वक कार्य गरेको राजपत्रअनङ्कित सशस्त्र प्रहरीलाई खण्ड (ख) बमोजिमको अवधि पूरा गर्नु पर्ने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरी नायव महानिरीक्षक र सो भन्दा माथिल्लो पदमा बढुवा हुन न्यूनतम सेवा अवधिको हद लाग्ने छैन।

३६. <u>बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने</u> : नियम ३५ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवधि भर सशस्त्र प्रहरी बढुवाको लगि संभाव्य उम्मेदवार हुन सक्नेछैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर, र

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म

(घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केल वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएकोमा सो भएको मितिले १ वर्ष सम्मको अवधिभर।

३७. <u>बढुवाको आधार</u> : (१) बढुवा समितिले सशस्त्र प्रहरीलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्यक्षमताको आधारमा गर्नेछ।

(२) सशस्त्र प्रहरीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम अधिकतम एकशय पच्चीस अङ्क दिइनेछः-

| | |
|---|---|
| (क) कार्य सम्पादन मूल्याङ्कन बापत | पचास अङ्क |
| (ख) जेष्ठता बापत | अट्ठाईस अङ्क |
| (ग) नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा काम गरे बापत | पन्ध्र अङ्क |
| (घ) शैक्षिक योग्यता बापत | सात अङ्क |
| (ङ) तालिम बापत | पच्चीस अङ्क |

३८. <u>कार्य सम्पादनको मूल्याङ्कन</u> : (१) सशस्त्र प्रहरीको कार्यसम्पादनको मूल्याङ्कनको लागि प्रयोग गरिने कार्यसम्पादनको मूल्याङ्कन फाराम अनुसूची-३ बमोजिमको हुनेछ।

(२) सशस्त्र प्रहरीको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम | - २५ अङ्क |
| (ख) पुनरावलोकनकर्त्ताले दिन सक्ने अधिकतम | - १५ अङ्क |
| (ग) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम | - १० अङ्क |

(३) सशस्त्र प्रहरीको कार्यसम्पादन मूल्याङ्कन गर्न अनुसूची-४ मा तोकिए बमोजिमको सुपरीवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समिति रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले कार्य सम्पादन मूल्याङ्कन बापत अङ्क दिदा यो नियम र कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरुप दिनु पर्नेछ।

(५) सशस्त्र प्रहरीको कार्य सम्पादन मूल्याङ्कन वार्षिक (श्रावण १ गत्तेदेखि आषाढ मसान्त सम्म) रुपमा गरिनेछ।

(६) कार्यसम्पादन मूल्याङ्कन बापत सुपरीवेक्षकले पन्चानब्बे प्रतिशत भन्दा बढी वा पचहत्तर प्रतिशत भन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्छ र पचहत्तर प्रतिशत भन्दा कम अङ्क दिएकोमा सम्बन्धित सशस्त्र प्रहरीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ। कार्यसम्पादन मूल्याङ्कनमा सुपरीवेक्षक वा पुनरावलोकनकर्ता वा दुबैको सो मूल्याङ्कनमा चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्ने छ। त्यसरी फिर्ता पठाईएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुन: मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कन संशोधन गर्न आवश्यक नभए सोको उचित कारण खुलाई पठाउनु पर्नेछ।

(७) कार्यसम्पादन मूल्याङकनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाव गरिनेछ।

तर अध्ययन, तालिम, निलम्बन, बर्खासी वा संयुक्त राष्ट्र संघको सेवामा गएको वा रहेको अवधिको कार्य सम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन, तालिम, निलम्बन, बर्खासी वा संयुक्त राष्ट्र संघको सेवामा जानु वा रहनु भन्दा तत्काल अघिको वर्षमा जति अङ्क पाएको छ त्यही अनुपातमा नै अङ्क दिइने छ।

(८) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था बढुवा समितिले तोकेबमोजिम हुनेछ।

३९. <u>ज्येष्ठताको मूल्याङ्कन</u> : सशस्त्र प्रहरीलाई ज्येष्ठता बापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको श्रेणी वा तहको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले अधिकतम अठ्ठाईस अङ्क दिइने छ।

तर ज्येष्ठता बापतको अङ्क गणना गर्दा एक वर्ष भन्दा कम जेष्ठता बापतको अङ्क गणना गर्दा दामासाहिबाट गणना गरिने छ।

४०. <u>विभिन्न क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन</u> : (१) नियम ३७ को उपनियम २ को खण्ड (ग) को प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल अधिराज्यलाई देहायको वर्गमा विभाजन गर्न सक्नेछ –

(क) "क" वर्ग अति संवेदनशील,
(ख) "ख" वर्ग संवेदनशील र
(ग) "ग" वर्ग सामान्य

(२) उपनियम (१) बमोजिमका वर्गमा कार्यरत सशस्त्र प्रहरीले देहायबमोजिम अङ्क पाउने छ–

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले बढीमा १५ अङ्क
(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५ अङ्कका दरले बढीमा १० अङ्क
(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १ अङ्कका दरले बढीमा ५ अङ्क

(३) तीन महिना भन्दा बढी रुजु हाजिर भई कुनै पनि वर्गमा सेवा गरेमा दामासाहीका दरले प्राप्त हुने अङ्क दिइने छ। विभिन्न वर्गमा काम गरे बापत पाउने अङ्क हाल बहाल रहेको श्रेणी वा पदमा प्राप्त भएको भए मात्र गणना गरिनेछ।

४१. <u>शैक्षिक योग्यता</u> : (१) सशस्त्र प्रहरी सेवाको देहायको पदमा बढुवाको लागि देहायको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ :-

(क) सशस्त्र प्रहरी नायव उपरीक्षक र सो भन्दा मथिल्लो पदको लागि स्नातक वा सो सरह उत्तीर्ण,
(ख) सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षक पदको लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण,
(ग) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि दशम कक्षा उत्तीर्ण,
(घ) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार र सशस्त्र प्रहरी सहायक हवल्दार पदको लागि अष्टम कक्षा उत्तीर्ण,

(२) सशस्त्र प्रहरी सेवामा बहाल रहेको कुनै पनि पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत प्रथम, द्वितीय र तृतीय श्रेणीको निमित्त क्रमश: ७, ६ र ५ अङ्कको दरले दिइनेछ।

(३) उपनियम (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएमा एकतह मुनिको शैक्षिक योग्यता बापत प्रथम, द्वितीय र तृतीय श्रेणीको निमित्त क्रमश: ४, ३ र २ अङ्कको दरले दिइने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9005

(४) उपनियम (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता पनि नभएमा सो भन्दा एकतह मुनीको शैक्षिक योग्यता बापत प्रथम, द्वितीय र तृतीय श्रेणीको निमित्त क्रमस ३, २ र १ अङ्कको दरले दिइनेछ।

(५) श्रेणी नखुलेको शैक्षिक योग्यता बापत द्वितीय श्रेणी सरहको अङ्क दिइने छ।

४२. तालिम : (१) तालिम बापत दिइने अधिकतम अङ्क पच्चीस हुनेछ।

(२) सशस्त्र प्रहरीको कुनै पनि पदमा बढुवा हुन आवश्यक पर्ने तालिम र त्यस्तो तालिम बापत प्राप्त गर्ने अङ्क सशस्त्र प्रहरी महानिरीक्षकको सिफारिसमा गृह मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

४३. बढुवाको नामावली प्रकाशन : बढुवा समितिले बढुवाको लागि सिफारिस भएको सशस्त्र प्रहरीको नामावली प्रकाशन गर्नेछ र नामावली प्रकाशन भएको मितिबाट बढुवा हुने श्रेणीको जेष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ।

## परिच्छेद - ६
## तलब, भत्ता र दैनिक तथा भ्रमण भत्ता

४४. तलब भत्ता : (१) सशस्त्र प्रहरीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब भत्ता पाउने छ।

(२) सशस्त्र प्रहरीले सशस्त्र प्रहरी सेवामा रही काम गरे बापत पाउने तलब भत्ता श्री ५ को सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ।

(३) प्रत्येक सशस्त्र प्रहरीले एक वर्षको सेवा पूरा गरे पछि श्री ५ को सरकारले तोकिदिए बमोजिमको तलब बृद्धि पाउने छ।

४५. पकाएको तलब भत्ता पाउने : (१) सशस्त्र प्रहरीले प्रत्येक महिना भुक्तान भएपछि तलब भत्ता पाउनेछ।

(२) कुनै सशस्त्र प्रहरीले पकाएको तलब भत्ता निज जुनसुकै व्यहोराबाट सशस्त्र प्रहरी सेवामा नरहे पनि पाउनेछ।

(३) अध्यादेश तथा यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि सशस्त्र प्रहरीले पाउने तलब निजले काम गरी रहेको वा बिदामा बसेको बखत रोकिने छैन।

४६ कर्मचारी संचय कोषमा रकम जम्मा गरी दिने : सशस्त्र प्रहरीको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा श्री ५ को सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी संचयकोषमा जम्मा गरी दिनेछ।

४७ दशैं खर्च : (१) सशस्त्र प्रहरीले खाई पाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउने छ।

(२) निवृत्तिभरण पाउने गरी सशस्त्र प्रहरी सेवाबाट अवकाश प्राप्त सशस्त्र प्रहरीलाई निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम दशैं खर्चको रुपमा दिइनेछ।

४८. दैनिक तथा भ्रमण भत्ता : (१) दैनिक तथा भ्रमण भत्ता दिने प्रयोजनको लागि सशस्त्र प्रहरीलाई देहाय बमोजिम वर्गीकरण गरिएकोछ :-

(क) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सोदेखि माथिका अधिकृत - प्रथम तह
(ख) सशस्त्र प्रहरी निरीक्षकदेखि सशस्त्र प्रहरी उपरीक्षक सम्मका अधिकृत - द्वितीय तह
(ग) सशस्त्र प्रहरी जवानदेखि सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षकसम्म - तृतीय तह
(घ) सशस्त्र प्रहरी परिचर वा सो सरह - चतुर्थ तह

(२) सशस्त्र प्रहरीले उपनियम (१) बमोजिम गरिएको वर्गीकरणको आधारमा आर्थिक प्रशासन सम्बधी नियमावली, २०५६ मा तोकिए बमोजिम दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुविधा पाउनेछन्।

## परिच्छेद - ७
## अवकाश, उपदान, निवृत्तिभरण र उपचार खर्च

४९. अनिवार्य अवकाश : (१) देहायको सशस्त्र प्रहरीको देहाय बमोजिम उमेर पुगे पछि निजलाई सेवाबाट अवकाश दिइनेछ:-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०१०

(क) सशस्त्र प्रहरी महानिरीक्षक ५८ वर्ष
(ख) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायव महानिरीक्षक ५६ वर्ष
(ग) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक र सशस्त्र प्रहरी उपरीक्षक ५५ वर्ष
(घ) सशस्त्र प्रहरी नायव उपरीक्षक ५४ वर्ष
(ङ) सशस्त्र प्रहरी निरीक्षक ५३ वर्ष
(च) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सशस्त्र प्रहरी नायव निरीक्षक ५२ वर्ष
(छ) सशस्त्र प्रहरी सहायक निरीक्षक ५१ वर्ष
(ज) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी हवल्दार, सशस्त्र प्रहरी सहायक हवल्दार र सशस्त्र प्रहरी जवान ५० वर्ष
(झ) सशस्त्र प्रहरी परिचर वा सो सरह ५५ वर्ष

(२) देहायका सशस्त्र प्रहरीले देहायको पदमा बढुवा भएको मितिले देहायको अवधिसम्म बहाल रहनेछन् र सो अवधि पछि अवकाश प्राप्त गर्नेछन् :-

(क) सशस्त्र प्रहरी महानिरीक्षक ४ वर्ष
(ख) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायव महानिरीक्षक ५ वर्ष
(ग) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक ७ वर्ष
(घ) सशस्त्र प्रहरी उपरीक्षक १० वर्ष

(३) उमेरको हद वा पदको अवधि मध्ये कुनै एक पुगे पछि सशस्त्र प्रहरीले सेवाबाट अवकाश पाउनेछ।

(४) यस नियमको प्रयोजनको लागि सशस्त्र प्रहरीको उमेर देहाय बमोजिम गणना गरिनेछ :-

(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाण पत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेर।

(ख) खण्ड (क) बमोजिमको अभिलेख नभएमा निजले सेवा प्रवेश गर्दा वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेर।

५०. स्वेच्छिक अवकाश : नियम ५३ बमोजिम निवृत्तिभरण पाउने अवधि पूरा गरी सकेका सशस्त्र प्रहरीलाई निजको ईच्छा भएमा अख्तियारवालाले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ।

५१. अवकाशपत्र : (१) सशस्त्र प्रहरीलाई अवकाशको पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(२) सेवाबाट अवकाश हुने सशस्त्र प्रहरीले पाउने उपदान, निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण अन्य सुविधा र वृत्तिको रकम प्राप्त गर्ने अधिकार पत्र सम्बन्धित कार्यालयको सिफारिसमा प्रहरी किताबखानाले दिनेछ।

५२. उपदान: (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर नियम ५३ बमोजिम निवृत्तिभरण पाउने अवधि नपुगेका सशस्त्र प्रहरीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्ष भन्दा बढी दशवर्ष सम्म नोकरी गरेको सशस्त्र प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष भन्दा कम नोकरी गरेको सशस्त्र प्रहरीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीमा सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो सशस्त्र प्रहरीलाई उपदान दिइनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३. **निवृत्तिभरण** : (१) देहाय बमोजिम वा सो भन्दा बढी अवधिसम्म सरकारी नोकरी गरेको देहायका सशस्त्र प्रहरीले नोकरीबाट अवकाश पाएको मिति देखि निवृत्तिभरण पाउने छन् :–

| | | |
|---|---|---|
| (क) | राजपत्राङ्कित पदका अधिकृत | २० वर्ष |
| (ख) | सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक, सशस्त्र प्रहरी नायव निरीक्षक र सशस्त्र प्रहरी सहायक निरीक्षक | १८ वर्ष |
| (ग) | सशस्त्र प्रहरी जवान | १६ वर्ष |
| (घ) | सशस्त्र प्रहरी परिचर वा सो सरहका अन्य दर्जाका सशस्त्र प्रहरी | २० वर्ष |

(२) उपनियम (१) बमोजिम दिइने निवृत्तिभरणको हिसाव देहाय बमोजिम हुनेछ :-

(क) राजपत्राङ्कित अधिकृतको निमित्त ।

नोकरी वर्ष X आखिरी तलब
५०

(ख) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक र सो भन्दा मुनिका सशस्त्र प्रहरीको निमित्त ।

नोकरी वर्ष X आखिरी तलब
४०

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरीको तलबको शुरुको अङ्कको आधा भन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरीको तलबको शुरु स्केल भन्दा बढी हुनेछैन ।

(४) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै सशस्त्र प्रहरीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(५) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको सशस्त्र प्रहरीले यस नियम बमोजिम निवृत्तिभरण पाउने छैन ।

५४. **निवृत्तिभरणमा वृद्धि** : बहालवाला सशस्त्र प्रहरीको तलब वृद्धि हुँदा तलब स्केलको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदको निवृत्त सशस्त्र प्रहरीको निवृत्तिभरण रकममा पनि थप गरिने छ र निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरीको तलब स्केलको शुरु अङ्कको आधा भन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरीको तलबको शुरु स्केल भन्दा बढी हुने छैन ।

५५. **पारिवारिक निवृत्तिभरण र उपदान** : (१) सशस्त्र प्रहरीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नावालक भाई वा अविवाहित दिदी वहिनीलाई नियम ५२ वा ५३ मा लेखिए बमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ । तर निवृत्तिभरणको हकमा यस्तो निवृत्तिभरण ७ वर्ष भन्दा बढी समय प्राप्त हुने छैन । निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र प्रहरीको परिवार वा नावालक भाई वा अविवाहित दिदी वहिनीलाई सात वर्ष पुगे पछि निवृत्तिभरण प्राप्त हुनेछैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि निवृत्तिभरण पाउने व्यक्ति नावालक रहेछ भने निज अठार वर्षको उमेर पूरा नभए सम्म त्यस्तो निवृत्तिभरण पाउनेछ ।

(३) सशस्त्र प्रहरीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उपनियम (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तिभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भइसके पछि मृत्यु भएकोमा निजको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तिभरणको आधा रकम पाउनेछ ।

(४) बहालवाला सशस्त्र प्रहरीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यस्को दुई तिहाइ रकम उपनियम (१), (२) र (३) अनुसार पारिवारिक निवृत्तिभरण पाई रहेका व्यक्तिले खाईपाई आएको पारिवारीक निवृत्तिभरण रकममा पनि थप गरिनेछ ।

(५) कुनै सशस्त्र प्रहरीको यस नियमावली बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरु मध्ये यस नियमावली बमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तिभरण वा उपदान दिंदा मृतक सशस्त्र प्रहरीले आफ्नो परिवारका सदस्य मध्येमा वा नावालक भाइ वा अविवाहित दिदी वहिनीलाई इच्छ्याएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छ्याएको नभए सो रकम निजको परिवारको सदस्यमध्ये श्री ५ को सरकारले उचित ठहऱ्याएको व्यक्तिलाई दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६. <u>अशक्त वृत्ति</u> : (१) कुनै सशस्त्र प्रहरी आफ्नो पदको कर्तव्य पालन गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अङ्गभङ्ग भएको छ वा चोटपटक लागि सशस्त्र प्रहरी सेवामा बहाल रहन अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरीले निजको जीविकाको निमित्त वाचुन्जेलसम्म अशक्तवृत्तिको रुपमा उपनियम (२) मा लेखिए बमोजिम निवृत्तिभरण सहित उपनियम (३) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउनेछ।

(२) उपनियम (१) बमोजिम अशक्त भएको सशस्त्र प्रहरीको सेवा अवधि निवृत्तिभरण पाक्ने अवधि पुगेको भए निजले तत्काल खाईपाई आएको (कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गरेको भए सोको समेत) तलबले नियम ५३ को उपनियम (२) बमोजिम हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तिभरण पाउनेछ। त्यस्तो अशक्त सशस्त्र प्रहरीको सेवा अवधि निवृत्तिभरण पाक्ने अवधि भन्दा घटी भएमा यस नियमावली बमोजिम निवृत्तिभरण पाउने वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षको निमित्त दामासाहीबाट कट्टी गरी बाँकी हुन आउने रकम निवृत्तिभरण बापत पाउनेछ। यसरी कट्टी गर्दा एक तिहाई भन्दा बढी रकम कट्टी गरिने छैन।

(३) सशस्त्र प्रहरीले अशक्तता बापत उपनियम (२) बमोजिम पाउने अशक्त निवृत्तिभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले खाईपाई आएको तलबको बीस प्रतिशत बराबर हुनेछ।

तर अशक्त वृत्ति पाएका वा पाउने ठहरिएका सशस्त्र प्रहरीले पछि कुनै सेवामा पुनः प्रवेश पाएमा निजले यस नियम बमोजिमको अशक्तवृत्ति पाउने छैन र खाईसकेको अशक्तवृत्ति रकम भने फिर्ता गर्नु पर्नेछैन।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी आतङ्कारीबाट भएको आक्रमण वा विष्फोटनबाट वा आतङ्कारी विरुद्धको प्रहरी कारबाहीमा खटिईरहेको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट सशस्त्र प्रहरी सेवाको निमित्त काम गर्न अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरीलाई सेवाबाट अवकाश दिइनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी ७ वर्षसम्म खाईपाई आएको पूरा तलब पाउनेछ। उक्त पूरा तलब पाउने अवधि व्यतित भए पछि निवृत्तिभरण पाक्ने अवधि भन्दा कम सेवा अवधि भएको सशस्त्र प्रहरीले निवृत्तिभरण पाकेको अवधि सरह र निवृत्तिभरण पाक्ने अवधि भन्दा बढी सेवा अवधि भएका सशस्त्र प्रहरीले सोही बमोजिम निवृत्तिभरण पाउनेछ।

(५) उपनियम (१) वा (४) बमोजिम चोटपटक लाग्न गई उपचार गराउदा लाग्ने खर्चको पूरा रकम सम्बन्धित सशस्त्र प्रहरीले पाउनेछ र यस्तो उपचार खर्च दिँदा नियम ६१ को उपनियम (१) बमोजिम पाउने उपचार खर्चमा कट्टा गरिनेछैन।

५७. <u>असाधारण पारिवारिक निवृत्तिभरण र उपदान</u> : (१) कुनै सशस्त्र प्रहरी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिंदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भए तापनि मृतक सशस्त्र प्रहरीको सबभन्दा नजिकको परिवारले त्यस्तो सशस्त्र प्रहरीले खाईपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण र त्यस्तो परिवारलाई देहाय बमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ :-

(क) १० वर्ष सम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको ६ महिनाको तलब बराबरको रकम।

(ख) १० वर्ष देखि २० वर्ष सम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको ९ महिनाको तलब बराबरको रकम।

(ग) २० वर्ष भन्दा जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको १ वर्षको तलब बराबरका रकम।

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सशस्त्र प्रहरी आतङ्कारीबाट भएको आक्रमण वा विष्फोटन वा कुनै हतियारको प्रहारबाट वा आतङ्कारी विरुद्धको प्रहरी कारवाहीमा खटिएको समयमा भीर पहराबाट लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनाबाट मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा ७ वर्षसम्म निजको परिवारले पूरा तलब पाउने छ। उक्त पूरा तलब पाउने अवधि व्यतित भए पछि मृतक सशस्त्र प्रहरीको सेवा अवधि निवृत्तिभरण पाक्ने अवधि भन्दा कम भएमा निवृत्तिभरण पाकेको अवधि सरह र निवृत्तिभरण पाक्ने अवधि भन्दा बढी सेवा अवधि भएमा सोही बमोजिम मृतक सशस्त्र प्रहरीको नजिकको परिवारले निवृत्तिभरण पाउनेछ।

(३) यस नियम बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण र उपदान मृतक सशस्त्र प्रहरीको पति वा पत्नी, बाबु, आमा भए आजीवन र छोरा भए २१ वर्षको उमेर पूरा गरेमा वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म र छोरी भए २१ वर्षको उमेर पूरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मिति सम्म पाउनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८. **सन्तति वृत्ति र शैक्षिक वृत्ति:** (१) कुनै सशस्त्र प्रहरी नियम ५६ बमोजिमको अवस्था परी आजीवन काम गर्न नसक्ने गरी अशक्त भएमा त्यस्तो अशक्त सशस्त्र प्रहरीको बढीमा दुई सन्ततिलाई देहायको दरले मासिक सन्तति वृत्ति दिइनेछ :-

| | |
|---|---|
| (क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृत | रु. २६०।- |
| (ख) राजपत्रअनङ्कित प्रथम र द्वितीय श्रेणीका सशस्त्र प्रहरी | रु. १२४।- |
| (ग) राजपत्रअनङ्कित तृतीय र चतुर्थ श्रेणीका सशस्त्र प्रहरी | रु. ११६।- |
| (घ) सशस्त्र प्रहरी परिचर वा सो सरह | रु. ११२।- |

(२) कुनै सशस्त्र प्रहरीको नियम ५७ बमोजिमको अवस्था परी मृत्यु भएमा त्यस्तो मृतक सशस्त्र प्रहरीको बढीमा दुई सन्ततिलाई मृतक सशस्त्र प्रहरीको बहाल रहेको पदको शुरु तलब स्केलको देहाय वमोजिको प्रतिशतका दरले मासिक सन्तति वृत्ति दिइनेछ :-

| पद | शुरु तलबको प्रतिशत |
|---|---|
| (क) सशस्त्र प्रहरी महानिरीक्षक/सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | ६.५ |
| (ख) सशस्त्र प्रहरी नायव महानिरीक्षक/सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | ८ |
| (ग) सशस्त्र प्रहरी उपरीक्षक/सशस्त्र प्रहरी नायव उपरीक्षक | ९ |
| (घ) सशस्त्र प्रहरी निरीक्षक | १० |
| (ङ) सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक | १२ |
| (च) सशस्त्र प्रहरी नायव निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक | १३ |
| (च) सशस्त्र प्रहरी वरिष्ठ हवल्दार/सशस्त्र प्रहरी हवल्दार/सशस्त्र प्रहरी सहायक हवल्दार/सशस्त्र प्रहरी जवान/सशस्त्र प्रहरी परिचर | १४ |

(३) उप-नियम (१) वा (२) बमोजिमको वृत्ति छोरा भए २१ वर्षको उमेर पुरा गरेमा वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मिति सम्म र छोरी भए २१ वर्षको उमेर पूरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मिति सम्म पाउने छ ।

(४) कुनै सशस्त्र प्रहरीको नियम ५६ वा ५७ को बमोजिमको अवस्था परी अशक्त भएमा वा मृत्यु भएमा त्यस्तो अशक्त वा मृतक सशस्त्र प्रहरीको बढीमा २ (दुई) सन्ततिलाई अठार वर्षको उमेर पूरा नभएसम्म उपनियम (१) वा (२) बमोजिमको सन्तति वृत्तिको अतिरिक्त देहाय बमोजिमको दरले वार्षिक शैक्षिक वृत्ति समेत दिइनेछ :-

| पद | शैक्षिकवृत्ति |
|---|---|
| (क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृत | रु २,४००।- |
| (ख) राजपत्रअनङ्कित सशस्त्र प्रहरी र सशस्त्र प्रहरी परिचर वा सो सरह | रु १,८००।- |

५९. **समितिको व्यवस्था** : नियम ५६ वा नियम ५७ वमोजिमको अवस्था परी कुनै सशस्त्र प्रहरी अशक्त भएमा वा निजको मृत्यु भएमा त्यस्तो सशस्त्र प्रहरीको नजिकको परिवार वा सन्ततिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा सिफारिस गर्न देहायबमोजिमका समितिहरु रहनेछन् :-

(क) राजपत्राङ्कित सशस्त्र प्रहरीको हकमा,-

| | |
|---|---|
| (१) प्रतिनिधि, गृह मन्त्रालय | - अध्यक्ष |
| (२) प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (३) प्रतिनिधि, प्रधान कार्यालय | - सदस्य |
| (४) चिकित्सक प्रतिनिधि, वीरेन्द्र प्रहरी अस्पताल | - सदस्य |

(ख) काठमाडौं उपत्यकामा कार्यरत राजपत्रअनङ्कित र श्रेणी विहिन सशस्त्र प्रहरीका हकमा,-

| | |
|---|---|
| (१) प्रमुख जिल्ला अधिकारी, काठमाडौं | - अध्यक्ष |
| (२) प्रतिनिधि, प्रधान कार्यालय | - सदस्य |
| (३) प्रतिनिधि, क्षेत्रीय कोष निर्देशनालय मध्यमान्चल | - सदस्य |
| (४) चिकित्सक प्रतिनिधि, वीरेन्द्र प्रहरी अस्पताल | - सदस्य |

(ग) काठमाडौं उपत्यका बाहिर कार्यरत राजपत्र अनङ्कित र श्रेणी विहिन सशस्त्र प्रहरीका हकमा,-

| | |
|---|---|
| (१) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| (२) सम्बन्धित सशस्त्र प्रहरी कार्यरत रहेको कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (३) प्रतिनिधि, सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| (४) चिकित्सक प्रतिनिधि, सम्बन्धित जिल्लाको अस्पताल वा स्वास्थ्य केन्द्र | - सदस्य |

६०. **नोकरी अवधिको गणना** : (१) यस परिच्छेदको प्रयोजनका निमित्त नोकरी अवधिको गणना गर्दा सशस्त्र प्रहरी, शाही नेपाली सेना वा अन्य प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भए सो टुटेको अवधि कटाई) लाई गणना गरिनेछ।

(२) उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति सशस्त्र प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ।

(३) उप नियम (१) अनुसार नोकरी अवधि गणना गर्दा निलम्बनमा रहेको अवधिलाई समेत गणना गरिनेछ।

६१. **औषधी उपचार** : (१) सशस्त्र प्रहरीले सेवा अवधि भरमा राजपत्राङ्कित श्रेणीको सशस्त्र प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्रअनङ्कित प्रथम श्रेणीको सशस्त्र प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्रअनङ्कित र श्रेणी बिहिन सशस्त्र प्रहरी भए एक्काईस महिना बराबरको खाइपाई आएको तलब रकम सम्म उपचार खर्च बापत पाउनेछ।

(२) कुनै सशस्त्र प्रहरी वा निजको परिवारको सदस्य बिरामी भएमा उप नियम (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको खर्चको रकम दिइनेछ:-

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको विल बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित कार्यालयको प्रमुखले, कार्यालय प्रमुखको हकमा तालुक कार्यालयको प्रमुखले र सशस्त्र प्रहरी महानिरीक्षकको हकमा गृह मन्त्रालयको सचिवले सिफारिस गरेको खर्च,

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको विल बमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थान सम्म पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवा सम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च बापत निज बिरामी सशस्त्र प्रहरीले नियम अनुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम।

(च) यस उप नियमको प्रयोजनको लागि स्वीकृत चिकित्सक भन्नाले सरकारी सेवामा रहेको वा प्रचलित कानून बमोजिम चिकित्सकका रुपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट वा वैद्य समेतलाई जनाउँछ।

(३) सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गई कुनै सशस्त्र प्रहरी घायल भई नेपाल अधिराज्य भित्र औषधि उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको सशस्त्र प्रहरीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उपनियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ।

(४) यस नियम बमोजिम पाउने उपचार खर्च कुनै सशस्त्र प्रहरीले पेश्कीको रुपमा लिन चाहेमा र सोको कारण मुनासिब देखिए यस नियमको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ। त्यसरी पेश्की दिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित सशस्त्र प्रहरीको तलबबाट किस्तावन्दीमा कट्टी गरिनेछ। त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तान नहुँदै सम्बन्धित सशस्त्र प्रहरी वा निजको परिवारको सदस्यको मृत्यु भएमा सो कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।

(५) झुठा व्यहोरा पेश गरी यस नियम बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने सशस्त्र प्रहरी लगायत त्यस्तो झुठ्ठा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक (कर्मचारी भए)लाई विभागीय कारवाही हुनेछ।

(६) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने सशस्त्र प्रहरीले यस नियम बमोजिम सेवा अवधि भरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउने छ।

(७) बीस वर्ष, पच्चिस वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएको सशस्त्र प्रहरीले उपनियम (६) बमोजिम पाउने उपचार खर्चमा लिन बाँकी रकमको क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट पाउनेछ।

(८) कुनै सशस्त्र प्रहरी दशवर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा पनि दश वर्षको सेवा अवधि मानी त्यसको दामासाहीले यस नियम बमोजिमको उपचार खर्च दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०१५